मिति : २०७९/५/२९ गते (बुधबार)    स्थान : पोखरा सभागृह

नगरसभा नं. : छैटौं    समय : बिहान ८ : ०० बजे,

पोखरा महानगरपालिकाका नगर प्रमुख श्री धनराज आचार्यज्यूको अध्यक्षतामा महानगरपालिकाको छैटौ कार्यपालिका वैठक पोखरा सभागृहमा तपसिलको बमोजिमा उपस्थितिमा बसि देहायनुसारको निर्णय गरियो।    उपस्थिती :

| सि.नं. | पद | वडा नं. | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | प्रमुख | श्री धनराज आचार्य | |
| २ | उपाध्यक्ष | उप-प्रमुख | श्री मञ्जुदेवी गुरुङ्ग | |
| ३ | सचिव | प्र.प्र.अ. | श्री ~~बलराम रिज्याल~~ वीरेन्द्रदेव भारती | |
| ४ | सदस्य | वडा अध्यक्ष वडा नं. १ | श्री शाहारा प्रधान | |
| ५ | सदस्य | वडा अध्यक्ष वडा नं. २ | श्री दिवशमान प्रधानाङ्ग | |
| ६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३ | श्री प्रकाशमान उदास | |
| ७ | सदस्य | वडा अध्यक्ष वडा नं.४ | श्री देवकृष्ण पराजुली | |
| ८ | सदस्य | वडा अध्यक्ष वडा नं. ५ | श्री विष्णु प्रसाद बराल | |
| ९ | सदस्य | वडा अध्यक्ष वडा नं. ६ | श्री विष्णु बहादुर भट्टराई | |
| १० | सदस्य | वडा अध्यक्ष वडा नं. ७ | श्री राममोहन आचार्य | |
| ११ | सदस्य | वडा अध्यक्ष वडा नं. ८ | श्री रुद्रनाथ बराल | |
| १२ | सदस्य | वडा अध्यक्ष वडा नं. ९ | श्री दिपेन्द्र मर्सानी | |
| १३ | सदस्य | वडा अध्यक्ष वडा नं. १० | श्री राजेश गुरुङ्ग | |

| | | | | |
|---|---|---|---|---|
| १४ | सदस्य | वडा अध्यक्ष वडा नं. ११ | श्री प्रेम प्रसाद कर्माचार्य | |
| १५ | सदस्य | वडा अध्यक्ष वडा नं. १२ | श्री सन्तोष बाँस्तोला | |
| १६ | सदस्य | वडा अध्यक्ष वडा नं. १३ | श्री किरण बराल | |
| १७ | सदस्य | वडा अध्यक्ष वडा नं. १४ | श्री बोध बहादुर कार्की | |
| १८ | सदस्य | वडा अध्यक्ष वडा नं. १५ | श्री तोरण बहादुर बानिया | |
| १९ | सदस्य | वडा अध्यक्ष वडा नं. १६ | श्री अमृत शर्मा तिमिल्सीना | |
| २० | सदस्य | वडा अध्यक्ष वडा नं. १७ | श्री राधिका कुमारी शाही | |
| २१ | सदस्य | वडा अध्यक्ष वडा नं. १८ | श्री शिव प्रसाद तिमिल्सीना | |
| २२ | सदस्य | वडा अध्यक्ष वडा नं. १९ | श्री पुष्पेन्द्र पाण्डे | |
| २३ | सदस्य | वडा अध्यक्ष वडा नं. २० | श्री गंगा बहादुर खत्री | |
| २४ | सदस्य | वडा अध्यक्ष वडा नं. २१ | श्री दिपक प्रसाद सुवेदी | |
| २५ | सदस्य | वडा अध्यक्ष वडा नं. २२ | श्री हिमलाल बराल | |
| २६ | सदस्य | वडा अध्यक्ष वडा नं. २३ | श्री रामकाजी गुरुङ्ग | |
| २७ | सदस्य | वडा अध्यक्ष वडा नं. २४ | श्री भरत बहादुर अधिकारी | |
| २८ | सदस्य | वडा अध्यक्ष वडा नं. २५ | श्री मोतिलाल तिमिल्सीना | |
| २९ | सदस्य | वडा अध्यक्ष वडा नं. २६ | श्री नरेन्द्र थापा (नरेन) | |

| | | | | |
|---|---|---|---|---|
| ३० | सदस्य | वडा अध्यक्ष वडा नं. २७ | श्री पूर्णकुमार गुरुङ्ग | |
| ३१ | सदस्य | वडा अध्यक्ष वडा नं. २८ | श्री श्रीकृष्ण लामिछाने | |
| ३२ | सदस्य | वडा अध्यक्ष वडा नं. २९ | श्री श्रीप्रसाद गुरुङ्ग | |
| ३३ | सदस्य | वडा अध्यक्ष वडा नं. ३० | श्री दुर्गा प्रसाद सुवेदी | |
| ३४ | सदस्य | वडा अध्यक्ष वडा नं. ३१ | श्री ढकनाथ कडेल | |
| ३५ | सदस्य | वडा अध्यक्ष वडा नं. ३२ | श्री अक्कल बहादुर कार्की | |
| ३६ | सदस्य | वडा अध्यक्ष वडा नं. ३३ | श्री रामचन्द्र अधिकारी | |
| ३७ | सदस्य | कार्यपालिका सदस्य | श्री दिपक घिमिरे | |
| ३८ | सदस्य | कार्यपालिका सदस्य | श्री हरिमाया विश्वकर्मा | |
| ३९ | सदस्य | कार्यपालिका सदस्य | श्री गोबिन्द तुलाचन | |
| ४० | सदस्य | कार्यपालिका सदस्य | श्री मन्दिरा परियार | |
| ४१ | सदस्य | कार्यपालिका सदस्य | श्री धन कुमारी पोखेल | |
| ४२ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मल दियाली | |
| ४३ | सदस्य | कार्यपालिका सदस्य | श्री निर्मला पौडेल | |
| ४४ | सदस्य | कार्यपालिका सदस्य | श्री भिम कुमारी पुन गर्बुजा | |

पोखरा महानगरपालिका
न्यूरोड, पोखरा

कार्यपालिकाको छैटौं बैठकका एजेण्डाहरु

१. महानगरपालिकाका विभिन्न घाटहरुको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदन सम्बन्धी ।

२. पोखरा महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ सम्बन्धमा ।

३. मनसुनजन्य विपदबाट घरआवास क्षेती भएका लाभग्राही सम्बन्धमा ।

४. हेमजा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्ने सम्बन्धमा ।

५. जनप्रतिनिधिहरुको वीमा सम्बन्धमा ।

६. नगर प्रहरी सेवा करारमा भर्ना गर्न पदपुर्ती समिति गठन सम्बन्धमा ।

७. नगर प्रहरी छनौट गर्न प्रदेश प्रहरी तालिम केन्द्रलाई अनुरोध गर्ने सम्बन्धमा ।

८. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।

९. पोखरा महानगरपालिका अनुगमन तथा सुपरिबेक्षण कार्य संचालन कार्यविधि, २०७९

१०. महानगरपालिकाको कार्यालय भवन निर्माण गर्ने स्थल सम्बन्धमा ।

११. पशुपंछी व्यवस्थापन तथा कल्याण विधेयक, २०७९ सम्बन्धमा ।

१२. महानगरपालिकाको संगठन संरचना O & M गर्ने सम्बन्धमा ।

१३. विविध

(क) वडा नं. ४ को बुढानिलकण्ठ आवासीय क्रियाकर्म भवन भएको जग्गा व्यवस्थापन समितिलाई भोगाधिकार दिने सम्बन्धमा ।

(ख) तालचोक बेगनास सडक निर्माण आयोजनाको लागि निर्माण समाग्री प्रशोधन स्थल सम्बन्धमा ।

(ग) CITYNET (19th to 23rd September) को अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन नगर प्रमुख ज्यूलाई प्राप्त निमन्त्रणा सम्बन्धमा ।

(घ) फोहोर मैला व्यवस्थापन अध्ययन भ्रमणको लागि एक प्रतिनिधी मण्डल भारतको बैंगलोर जाने सम्बन्धमा ।

(ङ)

(च)

प्रमुख

**पोखरा महानगरपालिका**

**न्यूरोड, पोखरा**

नगर कार्यपालिकाको कार्यालय
पोखरा महानगरपालिका
गण्डकी प्रदेश, नेपाल

<u>कार्यपालिकाको छैटौं बैठकका एजेण्डाहरु</u>

१. महानगरपालिकाका विभिन्न घाटहरुको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिबेदन सम्बन्धी ।

२. पोखरा महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ सम्बन्धमा ।

३. मनसुनजन्य विपदबाट घरआवास क्षेती भएका लाभग्राही सम्बन्धमा ।

४. हेमजा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्ने सम्बन्धमा ।

५. जनप्रतिनिधिहरुको वीमा सम्बन्धमा ।

६. नगर प्रहरी सेवा द.रारमा भर्ना गर्न पदपुर्ती समिति गठन सम्बन्धमा ।

७. नगर प्रहरी छनौट गर्न प्रदेश प्रहरी तालिम केन्द्रलाई अनुरोध गर्ने सम्बन्धमा ।

८. आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७९ सम्बन्धमा ।

९. पोखरा महानगरपालिका अनुगमन तथा सुपरिबेक्षण कार्य संचालन कार्यविधि, २०७९

१०. महानगरपालिकाको कार्यालय भवन निर्माण गर्ने स्थल सम्बन्धमा ।

११. पशुपंछी व्यवस्थापन तथा कल्याण विधेयक, २०७९ सम्बन्धमा ।

१२. महानगरपालिकाको संगठन संरचना O & M गर्ने सम्बन्धमा ।

१३. विविध

(क) वडा नं. ४ को बुढानिलकण्ठ आवासीय क्रियाकर्म भवन भएको जग्गा व्यवस्थापन समितिलाई भोगाधिकार दिने सम्बन्धमा ।

(ख) तालचोक बेगनास सडक निर्माण आयोजनाको लागि निर्माण समाग्री प्रशोधन स्थल सम्बन्धमा ।

(ग) CITYNET (19th to 23rd September) को अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिन नगर प्रमुख ज्यूलाई प्राप्त निमन्त्रणा सम्बन्धमा ।

(घ) फोहोर मैला व्यवस्थापन अध्ययन भ्रमणको लागि एक प्रतिनिधी मण्डल भारतको बैंगलोर जाने सम्बन्धमा ।

(ङ)

(च)

प्रमुख

## कार्यपालिकाको छैटौं बैठकको निर्णयहरु (मिति २०७९/०५/२९)

**निर्णय नं. १** महानगरपालिका अन्तर्गतका खोला तथा नदीहरुको घाटबाट नदी जन्य पदार्थ संकलन तथा निकासीको लागि भएको प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन अनुसार उत्पादन हुने नदीजन्य पदार्थको परिमाण सहितको देहाय बमोजिमको प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदन, प्रारम्भिक वातावरणिय कार्यविधि, २०७७ को दफा ७ (४) बमोजिम स्वीकृत गर्ने ।

| प्याकेज नं. | घाटहरुको नाम |
|---|---|
| १ | ढावाघाट, मर्दी लस्तीदोभान घाट, दशखेत घाट, तुलसी तारा घाट, पुरन्चौर घाट, पुरन्चौर नयाँ घाट, पुरन्चौर [illegible] घाट, रुद्रमहादेव घाट,सहर्षधारा घाट, गोस्ते लामाचौर घाट, तल्लो गोस्ते घाट, गजरे घाट, याम्दी घाट, [illegible] घाट, सुईखेत खोलाघाट |
| २ | रामघाट र नारायण स्थान घाट |
| ३ | गाउंखर्क ओखलढुंगा घाट, मोरेघाट, चमेरे घाट, गढीघाट, तल्लोपुडी घाट, उपल्लो पुडीघाट, तल्लो खेतघाट, [illegible] खोरीघाट, काँहूखोला घाट, विजयपुर खोला घाट |
| ४ | पशुपतीघाट, पशुपती घुमाउरे घाट, मुसेटुंडा सैनिक घाट, सिसौघारी घाट, लामगादीघाट, द्धार कस्यार घाट, [illegible] घाट |

**निर्णय नं. २:-** महानगरपालिकाको विभिन्न शाखा महाशाखाबाट सम्पादन हुने कार्यलाई नियम संगत, पारदर्शी र विश्वसनीय बनाउन आन्तरिक नियन्त्रण आवश्यक भएकोले पोखरा महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७९ स्वीकृत भयो । निर्देशिका पुस्तकाकारमा प्रकाशन भएको छ ।

**निर्णय नं. ३:-** आ. व. २०७८/०७९ र २०७९/०८० को मनसुनजन्य विपदमा परि आवास पुर्ण र आंशिक क्षेती भएका देहाय बमोजिमका व्यक्तिहरुको विवरण मनसुनजन्य विपदबाट क्षेती भएका व्यक्तीहरुको आवास पुननिर्माण गर्न आवश्यक भएकाले **आवास पुननिर्माण तथा पुनर्स्थापना कार्यविधि, २०७७** बमोजिम आवास पुननिर्माण गर्न सुबिधा उपलव्ध हुने गरि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने ।

**आ.व. २०७७/७८ २०७९/०८० मा निजी आवास पूर्ण क्षेती भएकाको विवरण**

| सि. नं. | नामथर | ठेगाना | ना.प्र.नं. | क्षेतीको अवस्था |
|---|---|---|---|---|
| १ | नबराज बराल | वडा नं. २२ कास्की | ४६१००६/१३४६ | पुननिर्माण गर्नुपर्ने |
| २ | रामबहादुर बलम्पाकी | वडा नं. १६ | ७७०९५ उदयपुर | ,, |
| ३ | फुलमाया वि.क. | वडा नं.२२ | ९८६६००६२५३ | ,, |
| ४ | शान्ती पोडे | वडा नं. ३१ | १५०७ | ,, |
| ५ | राजेन्द्र वि.क. | वडा नं. १७ | | ,, |
| ६ | चन्द्र बहादुर मगर | ,, | | ,, |
| ७ | राजन विश्वकर्मा,, | | ०३११३ | ,, |
| ८ | महेन्द्र मण्डारी | वडा नं. २१ | १५२८०६ | प्रवलीकरण गर्नुपर्ने |
| ९ | रामप्रसाद उपाध्याय | वडा नं. १८ | | पुननिर्माण गर्नुपर्ने |
| १० | सुनिता परियार | वडा नं. ११ | | ,, |
| ११ | गोमा कटार क्षेत्री | वडा नं. ११ | | ,, |

| | | | | |
|---|---|---|---|---|
| १२ | सरा दमै | वडा नं. ३० | | ,, |
| १३ | एकेन्द्र नेपाली | वडा नं. १७ | | ,, |

**आ.व २०७९/०८० को भाद्र १५ गते सम्म आवास पुर्ण रुपमा क्षेती भएकाहरुको विवरण**

| सि. नं. | नामथर | ठेगाना | ना.प्र.नं. | क्षेतीको अवस्था |
|---|---|---|---|---|
| १ | भिमा रानाभाट ९८०४१८७०२८ | पोखरा–२४ | ४६–०१–७७–०६४७७ | प्रबलीकरण गर्नुपर्ने |
| २ | पहले दमै ९८०४१६०५८५ | पोखरा –२३ | ४६६ | पुननिर्माण गर्नुपर्ने |
| ३ | भेष कुमारी कामी | पोखरा २५ | | ,, |
| ४ | रिवना वि. क. | पोखरा-२५ | | ,, |
| ५ | जनार्दन बास्तोला | पोखरा–२५ | | ,, |
| ६ | गंगा अधिकारी | पोखरा २५ | | ,, |
| ७ | लक्ष्मी वि. क. | पोखरा २५ | | ,, |
| ८ | कृष्ण बहादुर कुंवर | पोखरा २५ | | ,, |
| ९ | कृष्ण कुमारी पराजुली | पोखरा २५ | | ,, |
| १० | खगेन्द्र बहादुर थापा | पोखरा २५ | | ,, |
| ११ | सुवास किसान | पोखरा २० | २०७९।०५।१६ को अविरल वर्षा | ,, |
| १२ | सुरेश बोहरा | पोखरा २० | ,, | ,, |

__निर्णय नं. ४:-__ पोखरा महानगरपालिका वडा नं. २५ मा रहेको हेमजा स्वास्थ्य चौकीलाई शहरी स्वास्थ्य प्रवर्धन केन्द्रमा स्तरोन्नती गर्न स्थानीय वडावासी तथा वडा समितिबाट निर्णय भै आएकाले हेमजा स्वास्थ्य चौकीमा स्वास्थ्य प्रवर्धन कार्यक्रम तथा स्वास्थ्य वीमा कार्यक्रम थप गर्ने ।

__निर्णय नं. ५:-__ महानगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको विमा गर्ने वा आफै विमा गरि रकम माग गरेमा नियमानुसारको विमा सुविधा वापतको रकम उपलब्ध गराउने ।

__निर्णय नं. ६:__ पोखरा महानगरपालिकामा हाल कार्यरत २९ जना नगर प्रहरीबाट महानगरपालिकाले नगर प्रहरी परिचालन गरी गर्नुपर्ने कार्यहरु सम्पादन गर्न अपर्याप्त भएकाले प्रहरी निरीक्षक सहित ५० जना थप नगर प्रहरी सेवा करारमा भर्ना प्रक्रिया अघि बढाउन देहाय बमोजिमको पदपुर्ती समिति गठन गर्ने र प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीयलाई निर्देशन दिने ।

प्रमुख प्रशासकीय अधिकृत - संयोजक
प्रदेश प्रहरी तालिम केन्द्रको अधिकृत प्रतिनिधि - सदस्य
प्रशासन महाशाखा प्रमुख- सदस्य सचिव

**निर्णय नं. ७:-** नगर प्रहरी छनौट, भर्ना तथा तालिम दिन तालिम प्राप्त प्रशिक्षक आवश्यक भएकाले प्रदेश प्रहरी तालिम केन्द्रलाई छनौट तथा तालिम कार्यमा सहयोग गर्न अनुरोध गर्ने र सो कार्यमा लाग्ने खर्च महानगरपालिकाले प्रदेश प्रहरी तालिम केन्द्रलाइ उपलव्ध गराउने ।

**निर्णय नं. ८:-** महानगरपालिकाबाट प्रदान गर्ने आर्थिक सहायतालाई विधिसम्मत बनाउन आवश्यक भएकाले पोखरा महानगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने । कार्यविधि अनुसूची १ मा संलग्न छ ।

**निर्णय नं. ९:-** पोखरा महानगरपालिकाबाट संचालित योजना कार्यकमहरुको अनुगमन समितिबाट अनुगमन गरि प्रतिबेदन गर्ने प्रक्रियालाई व्यवस्थित गर्न पोखरा महानगरपालिका अनुगमन तथा सुपरिबेक्षण कार्य संचालन कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो । कार्यविधि अनुसूची २ मा संलग्न छ ।

**निर्णय नं. १०:-** पोखरा महानगरपालिकाको प्रशासकीय भवन बनाउन आवश्यक भएकाले पोखरा उपत्यका नगर विकास समितिको नाउंमा वडा नं. १७ मा रहेको कि. नं. ३६ क्षेत्रफल ११३१.२०, कि. नं. ३३ क्षेत्रफल ४६५ ब. मि. , कि. नं. ३५ क्षेत्रफल १०७७६ बर्ग मि., कि. नं. १८० क्षेत्रफल ९५१० बर्ग मि सहितको जम्मा क्षेत्रफल २१८८२.२० बर्ग मि.जग्गा उपत्यका नगर विकास समितिले पोखरा महानगरपालिकालाई प्रशासकीय भवन बनाउन भोगाधिकारमा उपलव्ध गराउने निर्णय भएकाले उल्लिखित जग्गा प्राप्त गर्न आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ११:-** पशुपंन्छीको स्वास्थ्य, अवैध हिंसा, छाडा पशु चौपाया पशु अधिकार सम्वन्धमा कानुन बनाउन आवश्यक भएकाले **पोखरा महानगरपालिकाको पशुपंछी व्यवस्थापन तथा कल्याण ऐन** बनाउन बैठकमा पेश भएको मस्यौदा सैदान्तिक सहमती सहित आवश्यक छलफल तथा तर्जुमा गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२:-** महानगरपालिकाको सम्पुर्ण कर्मचारी संगठन संरचनाको अध्ययन गरि आवश्यक जनशक्तिको प्रक्षेपण तथा कार्यविवरण तयार गर्न आवश्यक भएकोले आवश्यक प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. १३:-** वडा नं. ४ मा रहेको कि. नं. ४६ अन्दाजी क्षेत्रफल १० आना भएको जग्गामा बुढानिलकण्ठ आवासीय क्रियाकर्म भवन निर्माण भै बुढानिलकण्ठ आवासीय क्रियाकर्म व्यवस्थापन समितिले व्यवस्थापन गर्दै आएकोमा उक्त समितिलाई भोगाधिकार दिन ४ नं वडा कार्यालयको च. नं ३१६ मिति २०७८।०९।१८ को पत्रबाट सिफारिस भई आए बमोजिम उक्त जग्गा सार्वजनिक आवत जावत मापदण्ड नपर्ने गरि ५ वर्षको लागि उक्त समितिलाई भोगाधिकार दिन संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भुमी व्यवस्था तथा गरीबी निवारण मन्त्रालयमा सिफारिस गर्ने ।

**निर्णय नं. १४:-** तालचोक बेगनास सडक निर्माण आयोजनाको लागि निर्माण समाग्री संकलन तथा मजदुर क्याम्पको लागि वडानं. २९ को च. नं. ४७९ मिति २०७९।५।०५ को पत्रबाट सिफारिस भएको साविक शिशुवा

गा.वि.स. कि. नं. १७२ पुर्व तर्फ भिर पश्चिममा बगादी खोला, उत्तर तर्फ वडा नं. २७ को सिमाना, दक्षिण पानी घट्ट भित्रको जग्गामा नियमानुसार सहमती दिने ।

निर्णय नं. १५:- नगरपालिका संघको CITYNET को 19th to 23rd September मा मलेशियामा हुने अन्तर्राष्ट्रिय महाधिवेशनमा नगर प्रमुख ज्यू सहभागी हुने निर्णय भयो ।

निर्णय नं. १६:- भारतको बैंगलोरमा भएको फोहोर मैला व्यवस्थापनको अध्ययन गर्न देहाय बमोजिमका पदाधिकारी सहभागी हुने निर्णय भयो ।

प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारती
वडा नं. ८ को वडा अध्यक्ष श्री रुद्रनाथ बराल
वडा नं. २५ का वडा अध्यक्ष श्री मोतीलाल तिमिल्सीना

निर्णय नं. १७:- गत आ.व.२०७८/०७९ को शैक्षिक सुधार कार्यक्रमको विधालय भवन निर्माण तर्फको भुक्तानी दिन बाँकी रकम चालु आ.व. मा शिक्षा महाशाखा तर्फ विनियोजित बजेट उप शीर्षक ८०४३९२०१३११ सि. नं. ११८ मा विनियोजन भएको रकम रु. २ करोड ४० लाख मध्येबाट भुक्तानी दिने ।

निर्णय नं. १८:- शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशको पत्र संख्या २०७९/०८० च. नं. १७३ मिति २०७९/०५/०१ को प्राप्त पत्र बमोजिम संघीय सशर्त अनअुदान अन्तर्गत स्थानीय तह र प्रदेश सरकारको साझेदारीमा ठुला विधालय विकास गर्न नीति अनुरुप पोखरा महानगरपालिका वडा नं. २९ को श्री जन प्रकाश मा. वि. छनौट भई सो विधालयमा पूर्वाधार विकास कार्यक्रम लागु हुने भएकाले उक्त निर्माण कार्यमा महानगरपालिकाको साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. १९:- पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ को दफा ६९ बमोजिम सहकारी शाखा प्रमुख श्री भरतराज पौडेललाई सहकारी दर्ता अधिकारी तोक्ने निर्णय गरियो ।

निर्णय नं. २०:- पोखरा महानगरपालिकाको भवन नियमित तथा अभिलेखिकरण सम्बन्धी कार्यविधि, २०७६ अनुसार नक्शा पास नभएका भवनको नियमानुसार नियमित/अभिलेखिकरणको लागि निबेदन दिन ९० दिनको म्याद दिई सूचना प्रकाशन गर्ने र सो अवधि भित्र प्राप्त निबेदन उपर नियमानुसार छानविन गरि नक्शा पास प्रक्रिया अघि बढाउने ।

निर्णय नं. २१:- "घ" वर्गको ईजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची ७ मा देहाय बमोजिम संशोधन गर्ने ।

## “घ”वर्गको ईजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ संशोधन

| हालको प्रावधान | हुनुपर्ने | कारण |
|---|---|---|
| १. निवेदकको तोकिए बमोजिमको निवेदन ।<br>२. उद्योग दर्ता प्रमाण पत्र/PAN दर्ता प्र.प.को प्रतिलिपि ।<br>३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>४.एकिकृत कर वा सम्पत्ति कर वा भुमि कर तिरेको रसिदको प्रतिलिपि ।<br>५. घर भाडामा लिएको भए घर वहाल कर तिरेको रसिदको निस्सा र कम्तिमा २ वर्ष घरभाडा लिएको सम्झौता पत्र ।<br>६. प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपि | १. निवेदकको तोकिए बमोजिमको निवेदन ।<br>२. उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>४. प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपि वा सवारी चालक अनुमति पत्रको प्रतिलिपी ।<br>५. महानगरपालिकाले तोकेको दस्तुर जम्मा गरेको रसिद । | निर्माण व्यवसाय नियमावली २०५६ को नियम ७ मा व्यवस्था बमोजिम |

| ठाउँसारीको लागि हालको प्रावधान | हुनुपर्ने | कारण |
|---|---|---|
| “घ”वर्गको ईजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ मा पोखरा महानगरपालिका भित्र र महानगरपालिका वाहिरका स्थानीय तहबाट ठाउँसारी गर्ने प्रावधान कार्यविधिमा नभएको । | १. निवेदकको निवेदन ।<br>२. उद्योग दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।<br>३. आन्तरिक राजश्व विभाग/कार्यालयमा पुरानो दर्ताको कर चुक्ता प्रमाणित प्रतिलिपी र नयाँ कम्पनीको करदाता प्रमाण पत्र प्रमाणित प्रतिलिपी ।<br>४. प्रोपाईटर वा संचालकको नागरिकताको प्रतिलिपि<br>५. महानगरपालिकाले तोकेको दस्तुर जम्मा गरेको रसिद ।<br>६. पोखरा महानगरपालिका भित्र फर्मको कार्यालय सञ्चालन हुने स्थानको सम्पत्ति कर वा घर बहाल कर तिरेको रसिद । | हाल सम्म ठाउँसारीको लागि कार्यविधिमा कुनै व्यवस्था नभएकोले थप व्यवस्था गरिएको । |

**निर्णय नं. २२:-** “घ” बर्गको निर्माण व्यवसायी ईजाजत पत्रको लागि निबेदन दिएका देहाय बमोजिमका फर्महरुलाई निबेदन छानविन समितिको बैठकको मिति २०७९/०५/२८ को सिफारिस तथा “घ” बर्गको ईजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ईजाजत पत्र प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने ।

१. ट्राई स्टार कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पोखरा-१०
२. समृद्धि एण्ड सम्राट कन्स्ट्रक्सन, पोखरा- ३३
३. प्लानेट पर्पल कन्स्ट्रक्सन, पोखरा- १३
४. समिक्षा इन्जिनियर्स एण्ड विल्डर्स प्रा.लि., पोखरा- ५
५. योङ्शी निर्माण सेवा., पोखरा- ७
६. नविन कन्स्ट्रक्सन एण्ड विल्डर्स, पोखरा- २५
७. माछापुच्छ्रे ईन्जिनियरिङ्ग प्रा.लि., पोखरा- १०
८. अमुल डेभलपर्स एण्ड सप्लायस प्रा.लि., पोखरा- ५
९. सनसिला कन्स्ट्रक्सन प्रा.लि., पोखरा- २९
१०. नोबेल विल्डर्स कम्पनी प्रा.लि., पोखरा- ३१
११. टिम वान कन्स्ट्रक्सन प्रा.लि., पोखरा- १५

निर्णय नं. २३: - गण्डकी बहु प्राविधिक शिक्षालयको च. नं. १३ मिति २०७९ /०४/१३ को पत्र साथ उक्त शिक्षालयको संचालक समितिको बैठकले पारीत गरि स्वीकृतिको लागि पेश भएको आ. व. २०७९/०८० को बजेट बाँडफाँड देहाय बमोजिम स्वीकृत गर्ने ।

| | खर्च तर्फ | | |
|---|---|---|---|
| १ | सिभिल अटोमोबाइल, प्रशिक्षक, सेवा करार अनुदान | २६०० | |
| २ | भौतिक शास्त्र, गणित, रसायन शास्त्र प्रशिक्षक सेवा करार | १८०० | |
| ३ | पोशाक भत्ता | १०० | |
| ४ | छोटो अवधिको तालिम संचालन ६० घण्टे , ५ समुह | ४०० | |
| ५ | छोटो अवधिको तालिम संचालन ३९० घण्टे ३ समुह | १०२० | |
| ६ | विश्वविद्यालय,प्राविधिक शिक्षा साझेदारीमा थप कार्यक्रम संचालन | २००० | |
| ७ | ल्याब व्यवस्थापन वृस्तित सम्भाव्यता अध्ययन | ५०० | |
| ८ | अटोमेटिक टेक्नोलिजि ल्याब व्यवस्थापन | १००० | |
| ९ | निर्माण सामाग्री गुण्स्तर प्रयोगशाला सामाग्री व्यवस्थापन | ५०० | |
| १० | भौतिक शास्त्र, रसायन शास्त्र , सिभिल कार्यशाला व्यवस्थापन | १०० | |
| ११ | बिबिध खर्च | २०० | |
| १२ | इन्धन शिक्षालय बस ,ल्याव ,कार्यालय | १००० | |
| १३ | सुचना तथा प्रचारप्रसार | १५० | |
| १४ | इन्टरनेट ,बिजुलि,पानि महशुल ,३ फेज बिधुत जडान समेत | १५० | |
| १५ | स्टेशनरी | ५० | |
| १६ | मर्मत | १०० | |
| १७ | बाह्य अडिटर शुल्क | ३० | |
| १८ | भ्रमण भत्ता | १०० | |
| १९ | तालिम व्यवस्थापक | २४० | |
| २० | कार्यालय व्यवस्थापन | १०० | |
| २१ | app शुल्क फिर्ता | २० | |
| २२ | बैठक भत्ता | १०० | |
| २३ | पोशाक भत्ता | ५० | |
| २४ | निर्देशक,इलेक्ट्रोनिक एण्ड कम्युनिकेशन एव अन्य प्रशिक्षक ,सहायक प्रशिक्षक तलव | १७०० | |
| २५ | आंशिक प्रशिक्षक | ९०० | |
| २६ | बिधार्थी फिल्ड भिजिट | १०० | |
| २७ | चालक ,सहयोगी तलव | ७०० | |
| २८ | बिधार्थी फि फिर्ता | १५० | |
| २९ | परिक्षा संचालन खर्च ,सेमेस्टर परिक्षा ,सिप परिक्षण समेत | १५० | |
| ३० | छोटो अवधिको तालिम संचालन ६० घण्टे , ५ समुह सीटीइभिटीको साझेदारीमा | ४०० | |

| | | | |
|---|---|---|---|
| ३१ | छोटो अवधिको तालिम संचालन ३९० घण्टे ३ समुह,सीटीइभिटीको साझेदारीमा | १०२० | |
| ३२ | छोटो अवधीको तालिम पाठ्यक्रम तयारी | २०० | |
| ३३ | धरौटी सहितको शुल्क जम्मा | ५५०० | |
| ३४ | सीटीइभिटी परिक्षा शुल्क | ३०० | |
| ३५ | ल्याव व्यवस्थापन शुल्क | ५२५६ | |
| २८६८६ | | | |

| | | | |
|---|---|---|---|
| | - पुजीगत | | |
| १ | गण्डकी बहुप्राबिधिक शिक्षालय ल्याब, कम्पाउण्ड निर्माण | ५००० | |
| २ | आई सि टि ल्याब निर्माण | १८०० | |
| ३ | शिक्षालय भवन निर्माण | महानगरपालिका | |

**निर्णय नं. २४:** - पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १८ को ३ मा आय ठेक्का बाहेकका म.न.पा. बुझाउनु पर्ने कर शुल्क भाडा तथा बहाल कर सोही आर्थिक वर्ष भित्र तथा तोकिएको समय भित्र नबुझाएमा त्यसपछि वार्षिक १५ प्रतिशत जरिवाना लाग्ने उल्लेख भएकोमा अर्को वर्षको आश्विन मसान्त सम्म जरिवाना नलाग्ने त्यसपछि १५ प्रतिशत कर लाग्ने गरि स्पष्ट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:** - कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौको सूचना अनुसार बाँझो तथा उपयोगमा नआएको जग्गामा उत्पादन कार्यकमको लागि यस महानगरपालिका भित्र तपशिल अनुसार क्षेत्रफलमा उक्त कार्यकम संचालन गर्न अनुरोध गर्ने ।

| सि. नं. | स्थान | जग्गाको प्रकार | क्षेत्रफल | प्रस्तावित खेती | क्रियाकलाप | परियोजना लागत रु. | पहिलो वर्षको खर्च अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरा महानगरपालिका | सामुदायीक | १००० रोपनी | फलफुल/तरकारी नगदे वाली | बारबन्देज मल, बिउ, बिरुवा, व्यवस्थापन, यन्त्र उपकरण र सिंचाई, तालिम, एक वार्ड एक पकेट कार्यक्रम | ५ करोड | २ करोड |

**निर्णय नं. २६:**-पोखरा महानगरपालिकाको चालु आ.व. को महानगरको दररेटमा महागरका नियमित यातायात सेवा नभएका दुर्गम वडाहरुमा विकास निर्माणका सामाग्री ढुवानी गर्ने दररेटको प्रावधान नभएको तर त्यस्ता विकट ठाउँमा मालसाान ढुवानी गर्न थप ढुवानी खर्च लाग्ने भएकाले महानगरपालिकाका योजनाहरुको लागत अनुमान गर्दा न्युनतम ढुवानी भाडा राखी लागत अनुमान गर्न आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. २७:**- पोखरा महानगरपालिकाले आफ्नै पहलमा गर्ने रोजगार सृजना वा अन्य निकाय संगको साझेदारीमा गरिने उधमशीलता विकास, व्यवसाय प्रर्बधन तथा रोजगार बृद्धि सम्बन्धि कार्यको लागि चालु आ.व. २०७९/०८० को बजेट उप शीर्षक ८०४३९२०१३४३ सि. नं. ३ र ७ तथा बजेट उपशीर्षक ८०४३९२०११०२ बजेट खर्च शीर्षक २२५२२ मा विनियोजित बजेटबाट खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| ३१ | छोटो अवधिको तालिम संचालन ३९० घण्टे ३ समुह,सीटीइभिटीको साझेदारीमा | १०२० | |
| ३२ | छोटो अवधीको तालिम पाठ्यक्रम तयारी | २०० | |
| ३३ | धरौटी सहितको शुल्क जम्मा | ५५०० | |
| ३४ | सीटीइभिटी परिक्षा शुल्क | ३०० | |
| ३५ | ल्याव व्यवस्थापन शुल्क | ५२५६ | |
| | २८६८६ | | |

| | | | |
|---|---|---|---|
| | - पुजीगत | | |
| १ | गण्डकी बहुप्राबिधिक शिक्षालय ल्याब, कम्पाउण्ड निर्माण | ५००० | |
| २ | आई सि टि ल्याब निर्माण | १८०० | |
| ३ | शिक्षालय भवन निर्माण | महानगरपालिका | |

<u>निर्णय नं. २४:</u> - पोखरा महानगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १८ को ३ मा आय ठेक्का बाहेकका म.न.पा. बुझाउनु पर्ने कर शुल्क भाडा तथा बहाल कर सोही आर्थिक वर्ष भित्र तथा तोकिएको समय भित्र नबुझाएमा त्यसपछि वार्षिक १५ प्रतिशत जरिवाना लाग्ने उल्लेख भएकोमा अर्को वर्षको आश्विन मसान्त सम्म जरिवाना नलाग्ने त्यसपछि १५ प्रतिशत कर लाग्ने गरि स्पष्ट गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २५:</u> - कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौको सूचना अनुसार बाँझो तथा उपयोगमा नआएको जग्गामा उत्पादन कार्यक्रमको लागि यस महानगरपालिका भित्र तपशिल अनुसार क्षेत्रफलमा उक्त कार्यक्रम संचालन गर्न अनुरोध गर्ने ।

| सि. नं. | स्थान | जग्गाको प्रकार | क्षेत्रफल | प्रस्तावित खेती | क्रियाकलाप | परियोजना लागत रु. | पहिलो वर्षको खर्च अनुमान |
|---|---|---|---|---|---|---|---|
| १ | पोखरा महानगरपालिका | सामुदायीक | १००० रोपनी | फलफुल/तरकारी नगदे वाली | बारबन्देज मल, बिउ, विरुवा, व्यवस्थापन, यन्त्र उपकरण र सिंचाई, तालिम, एक वार्ड एक पकेट कार्यक्रम | ५ करोड | २ करोड |

<u>निर्णय नं. २६:</u>-पोखरा महानगरपालिकाको चालु आ.व. को महानगरको दररेटमा महागरका नियमित यातायात सेवा नभएका दुर्गम वडाहरुमा विकास निर्माणका सामाग्री ढुवानी गर्ने दररेटको प्रावधान नभएको तर त्यस्ता विकट ठाउँमा मालसाान ढुवानी गर्न थप ढुवानी खर्च लाग्ने भएकाले महानगरपालिकाका योजनाहरुको लागत अनुमान गर्दा न्युनतम ढुवानी भाडा राखी लागत अनुमान गर्न आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

<u>निर्णय नं. २७:-</u> पोखरा महानगरपालिकाले आफ्नै पहलमा गर्ने रोजगार सृजना वा अन्य निकाय संगको साझेदारीमा गरिने उधमशीलता विकास, व्यवसाय प्रर्बधन तथा रोजगार बृद्धि सम्बन्धि कार्यको लागि चालु आ.ब. २०७९/०८० को बजेट उप शीर्षक ८०४३९२०१३४३ सि. नं. ३ र ७ तथा बजेट उपशीर्षक ८०४३९२०११०२ बजेट खर्च शीर्षक २२५२२ मा विनियोजित बजेटबाट खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

अनुसूची-१

# पोखरा महानगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना,

पोखरा महानगरपालिकामा दैवि विपत्ती, महामारी, जटिल रोग वा अशक्त अपांग, गरिब बेसहारा, वा विपत्तीमा परेका परिवारलाई महानगरबाट आर्थिक सहयोग आवश्यक देखेमा सहयोग प्रदान गर्न प्रत्येक वर्ष नगरसभाबाट विनियोजन हुने आर्थिक सहायता खर्च शीर्षकबाट स्थानिय सरकार संञ्चालन ऐन, २०७४ को नियम १०२ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम पोखरा महानगरपालिका आर्थिक सहायता सम्वन्धी कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "ऐन" भन्नाले स्थानिय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "नगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

घ) "उप प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ।

ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले पोखरा महानगरपालिकाको कार्यालयमा कार्यरत प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धमा

३. महानगरपालिकाबाट देहाय बमोजिमका व्यक्तीलाई एक पटकको लागि आर्थिक सहयोग प्रदान गर्न सक्नेछ।

(१) असहाय, बृद्ध, अपांग, गरिब, घाईते

(२) बेसहारा, खर्चको अभावमा स्थायी ठेगानामा जान नसकेका विखर्ची,

(३) प्राकृतिक विपत्तीमा परेका नागरिक वा संस्था/निकायलाई दिईने सहयोग,

४. **आर्थिक सहायताको रकम**

बुंदा ३ मा उल्लेख भएवमोजिमका व्यक्ती वा संस्था/ निकायलाई देहाय बमोजिम आर्थिक सहयोग उपलव्ध गराउन सकिनेछ।

(१) अति गरिब, असहाय, वृद्ध, रोगी, अपांग, घाईते अधिकतम रु. रु. १०,०००/-

(२) वेसहारा, खर्चको अभावमा स्थायी ठेगानामा जान नसकेका अधिकतम बिखर्ची रु. ५,०००/-

(३) महानगरपालिकाबाट पत्रपत्रीका तथा अनलाईन मिडियामा प्रशारण हुने शुभकामना सन्देश अधिकतम रु. ४०००/-

(४) प्राकृतिक विपत्तीमा परेका महानगरपालिका भन्दा बाहिरको क्षेत्रका नागरिक वा संघ संस्थालाई दिइने सहयोग,

(५) स्थानीय चाडपर्व, जात्रा, लोक संस्कृति प्रवर्धन संरक्षण सम्बन्धी सहयोग,

(६) सभा सम्मेलन, अध्ययन अनुसन्धान, खेलकुद, पर्यटन प्रबर्धन, रोजगारी सृजना हुने सम्बन्धी कार्यमा प्रदान गरिने सहयोग,

तर वडा कार्यालयबाट आर्थिक सहायता प्राप्त गरेका व्यक्ति, जिल्ला विपद् व्यवस्थापन समिति वा पोखरा महानगरपालिका विपद् समितिबाट राहत आर्थिक सहयोग प्राप्त गरेकालाई यस बमोजिम आर्थिक सहयोग उपलब्ध हुने छैन ।

५. **आर्थिक सहायताको लागि आवश्यक कागजात:** आर्थिक सहायता प्राप्त गर्न देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ ।

(१) नागरिकता वा परिचय खुल्ने कागजको फोटोकपी

(२) विरामी भएको भए प्रमाणित कागजात

(३) निबेदन

(४) वडा सिफारिस

६. **आर्थिक सहायता प्रदान गर्ने अधिकारी**

(१) बूंदा ४ को उपबुँदा १, २, ३ बमोजिमको आर्थिक सहयोग नगर प्रमुख/उप-प्रमुख

(२) बुँदा ४को ४ देखि ६ सम्मको आर्थिक सहयोग अधिकतम रु. ५०,०००/- सम्म नगर प्रमुख र सो भन्दा बढी आर्थिक सहयोग सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्ने

क) प्रमुख-अध्यक्ष

ख) उप प्रमुख-सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

घ) वित्त महाशाखा प्रमुख-सदस्य

ङ) सम्बन्धीत महाशाखा प्रमुख-सदस्य

च) योजना महाशाखा प्रमुख- सदस्य सचिव

यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि वडामा रकम व्यवस्था भएमा वडा कार्यालयको हकमा अधिकतम रु. ५,०००/- सम्म वडा अध्यक्षबाट आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

तर वडा अध्यक्षले प्रदान गरेको आर्थिक सहायता वडा समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ३ विविध

७. **बाधा अड्काउ फुकाउन सक्ने** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

०-०-०

अनुसूची-२

## पोखरा महानगरपालिका अनुगमन तथा सुपरिवेक्षण कार्य सञ्चालन कार्यविधि-२०७९

प्रस्तावनाः महानगरपालिकाबाट संचालन हुने विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १६ को उपदफा (४) खण्ड (ख) मा भएको व्यवस्था बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी तुल्याउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद -१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम पोखरा महानगरपालिका अनुगमन तथा सुपरिवेक्षण कार्य सञ्चालन कार्यविधि २०७९ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुने छ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस कार्यविधिमा ,

(क) प्रमुख भन्नाले : महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ।

(ख) उपप्रमुख भन्नाले :महानगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ।

(ग) अनुगमन भन्नाले : नीति,योजना, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह उचित ढङ्गले भए नभएको वा अपेक्षित नतिजा हाँसिल भए नभएको सम्बंन्धमा यस कार्यविधि बमोजिम गरिने निरन्तर वा आवधिक रुपमा गरिने निगरानी, सचना संकलन, विष्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्दछ।

(घ) योजना तथा कार्यक्रम भन्नाले :महागनगरपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रम सम्झनु पर्दछ र सो शव्दले महानगरपालिका क्षेत्र भित्र गैरसरकारी संस्था एवंम समुदायिक संस्थाबाट संचालितयोजना/कार्यक्रमलाई समेत जनाउछ।

(ङ) कार्यपालिका भन्नाले : महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(च) वडाध्यक्ष भन्नाले : पोखरा महानगरपालिकाभित्रका वडाहरुको अध्यक्ष भन्ने सम्झनु पर्दछ।

(छ) वडा सदस्य भन्नाले : पोखरा महानगरपालिकाभित्रका वडाहरुको सदस्य भन्ने सम्झनु पर्दछ।

(ज) वडा समिति भन्नाले: पोखरा महानगरपालिकाको वडाहरुमा रहेकों वडा समिति भन्ने सम्झनु पर्दछ।

(झ) न्यायिक समिति भन्नाले :पोखरा महानगरपालिकको न्यायिक समिति भन्ने सम्झनु पर्दछ।

(ञ) नागरिक समाज भन्नाले : महानगरपालिका क्षेत्रभित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिकका अधिकारका लागि क्रियाशिल गैह्र नाफामूलक संस्था वा व्यक्ति सम्झनु पर्दछ।

(ट) प्रतिवेदन भन्नाले : यस कार्यविधि बमोजिम तयार गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेस गरिएको दस्तावेज/कागजात सम्झनु पर्दछ।

(ठ) योजना भन्नाले : महागरपालिकाबाट संचालन हुने विकास निमार्ण कार्य सम्झनु पर्दछ र सो शब्दले महानगरपालिका क्षेत्र भित्र गैह्रसरकारी संस्था एवंम सामुदायिक संस्थाबाट संचालित विकास निमार्ण कार्य समेतलाई जनाउँछ।

(ड) समिति भन्नाले : दफा ३ बमोजिको समिति सम्झनु पर्दछ।

(ढ) सुपरिवेक्षण भन्नाले :अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरिक्षण वा चेकजाँच वा रेखदेख सम्बन्धी कार्य सम्झनु पर्दछ।

(ण) संयोजक भन्नाले : समितिको संयोजक सम्झनु पर्दछ।

१

## परिच्छेद -२

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. अनुगमन तथा सुपरिवेक्षण समिति : (१) योजना तथा कार्यक्रमको लागत, परिमाण,समय सिमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति रहने छ :-

(क) महानगरपालिकाको उपप्रमुख — संयोजक

(ख) कार्यपालिकाले तोकेका नगरसभा सदस्यहरु मध्येबाट २ जना — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) समितिले तोकेको अधिकृतस्तरको एकजना प्राविधिक — सदस्य

(ङ) योजना शाखा प्रमुख — सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार नागरिक समाजका प्रतिनिधि, संचारकर्मी र संम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले आफ्नो कामलाई छिटोछरितो र प्रभावकारी बनाउन समितिमा प्रतिनिधित्व गर्ने नगरसभा सदस्य मध्येबाट संयोजक रहने गरी विषयगतरुपमा अनुगमन टोली गठनगरी जिम्मेवारी तोक्न सक्नेछ ।

(४) यस दफा बमोजिम स्थलगत अनुगमन गर्दा सम्बन्धित योजना तथा कार्यान्वयन वा सुपरिवेक्षणमा संलग्न कर्मचारीलाई सहभागी गराउन पर्नेछ ।

४. समितिको काम,कर्तब्य र अधिकार :-(१) योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने अनुगमन तथा सुपरिवेक्षण समितिको प्रमुख जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कामका अतिरिक्त समितिका अन्य काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क)महानगरपालिकाबाट संचालित योजना तथा कार्यक्रम अनुगमनका लागि बार्षिक कार्य तालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने ,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा बिज्ञलाई संलग्न गराउने,

(घ) अनुगमन सम्पन्न भएपछि सो को प्रतिवेदन कार्यपालिकामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्ने गराउने,

(ङ) अनुगमनको क्रममा देखिएका विषयमा सुधारका लागि संम्बन्धित प्राविधिक तथा सम्वद्ध उपभोक्ता समिति, परामर्शदाता एवंम निर्माण व्यावसायीलाई निर्देशन दिने,

(च) योजना तथा कार्यक्रम कार्यान्वयनको संन्दर्भमा देखा परेका विवाद वा समस्याहरुको समाधानका लागि आवश्यक समन्वय र सहजिकरण गर्ने ,

(छ) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको क्रममा कुनै हिनामिना, अनियमितता वा तोकिएको गुणस्तर र परिमाण नभएको व्यहोरा एकिन हुन आएमा आवश्यक कारवाहीको लागि रायसहित कार्यपालिकामा पेश गर्ने,

(ज) अनुगमन कार्यको बार्षिक प्रतिवेदन तयार गरी आर्थिक बर्षको अन्तिममा कार्यपालिकामा पेश गर्ने ,

(झ) समितिको बार्षिक प्रतिवेदन प्रत्येक वर्षको श्रावण महिना भित्र कार्यालयको वेबसाइटमा र अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यावस्था मिलाउने ।

## परिच्छेद -३

## अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

५. योजना तथा कार्यक्रमको वर्गीकरण :- (१) अनुगमन तथा सुपरिवेक्षणका लागि योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्रका आधारमा देहाय बमोजिम बर्गीकरण गरिनेछ :-

(क) पूर्वधार विकास योजना,

(ख) चेतना मुलक, क्षमता अभिबृद्धि र सीप विकास सम्बन्धी कार्यक्रम

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रम

(२) उपदफा (१) बमोजिम गरिएको बर्गीकरण एवंम योजना तथा कार्यक्रममा गरिने लगानी समेतको आधारमा समितिले अनुगमनको प्राथमिकता निर्धारण गर्न सक्ने छ ।

(३) उप दफा (१) बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षणको लागि बेग्ला बेग्लै ढाँचा र विधिको प्रयोग गर्न सकिने छ ।

६. <u>अनुगमन गर्दा ध्यान दिनुपर्ने</u> :- अनुगमन तथा सुपरिवेक्षण समितिले यस कार्यविधि बमोजिम योजना तथा कार्यक्रमहरुको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछ :-

(क) कार्यतालिका अनुसार काम भए नभएको एकिन गर्ने,

(ख) कामको तोकिएको परिमाण, लागत र गुणस्तर कायम गराउने,

(ग) योजना वा कार्यक्रमको डिजाइन वा कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्ने,

(घ) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई पारदर्शी र सहभागितामुलक बनाई नागरिकमा महानगरपालिकाले गर्ने विकास निर्माण कार्यप्रति सकारात्मक भावनाको विकास गराउने,

७. <u>अनुगमन विधि</u> :- (१) समितिले महानगरपालिकाबाट संचालित एवंम महानगरपालिका क्षेत्रभित्र गैरसरकारी संस्थाबाट संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा सुपरिवेक्षण गर्दा समितिले देहायका मध्ये आवश्यकता अनुसार कुनै वा सबै विधिको प्रयोग गर्न सक्नेछ :-

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिवेदन लिने ,

(ख) स्थलगत अवलोकन गर्ने ,

(ग) लाभान्वित वर्ग तथा सरोकारवालाहरुसंग छलफल गर्ने ,

(घ) नागरिक समाजका संस्था तथा आमसंञ्चारका माध्यम परिचालन गर्ने ,

(ङ) सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने ,

(च) योजनाको प्राविधिक परीक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरु ।

(३) उपदफा (२) मा उल्लेखित विधिका अतिरिक्त कुनै योजना वा कार्यक्रमका सम्वन्धमा अन्य तरिकाबाट पृष्ठपोषण, प्रतिक्रिया वा सुझाव प्राप्त भएको अवस्थामा समितिले त्यस्तो विषयको अभिलेख राखि तथ्यगत विश्लेषणको आधारमा आवश्यक कारबाहि अघि बढाउन सक्नेछ ।

८. <u>वडा स्तरीय अनुगमन समिति</u> :- (१) वडा स्तरमा संचालन गरिने योजनाको लागत, परिमाण, समयसिमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि देहाय बमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ :-

| | |
|---|---|
| (क) सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| (ख) वडा समितिका सदस्यहरु | सदस्य |
| (ग) वडा सचिव | सदस्य सचिव |

(२) वडा स्तरीय अनुगमन समितिले आवश्यकता अनुसार सम्वन्धित योजना हेर्ने प्राविधिक कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) वडा स्तरीय अनुगमन समितिले अनुगमनका क्रममा देखिएका विषयका सम्वन्धमा समितिलाई नियमित रुपमा जानकारी गराउन पर्नेछ ।

९. उपभोक्ता समितिबाट अनुगमन गर्ने : - (१) तोकिएको गुणस्तर तथा परिमाण कायम गरी निर्धारित समयमा योजना सम्पन्न गर्न उपभोक्ताहरुको भेलाबाट कम्तिमा एक जना महिला सहित बढिमा ५ सदस्यीय अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिको गठन गर्ने कार्य उपभोक्ता समिति गठन गर्दाकै समयमा गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम गठित अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) योजनाको कार्यान्वयनमा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ख) योजना कार्यान्वयन तोकियको परिमाण, गुणस्तर र कार्यतालिका अनुसार भए नभएको अवस्थामा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) समिति र वडास्तरीय अनुगमन समितिबाट गरिने अनुगमन तथा सुपरिवेक्षणमा आवश्यक समन्वय र सहजीकरण गर्ने

(घ) योजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने,

(४) उपभोक्ता समितिले योजनाको अन्तिम भुक्तानी माग गर्दा यस दफा बमोजिमको अनुगमन समितिको प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

१०. अनुगमन तालिका तयार गर्नु पर्ने :- (१) समितिले योजना कार्यान्वयन तालिका अनुरुप हुने गरी बार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम तयार भएको तालिकालाई समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम पेशहुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले आवश्यक पृष्ठपोषण दिन सक्नेछ ।

(४) यस दफा बमोजिम तयार भएको अनुगमन तालिका सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यावसायी, आपुर्तिकर्ता, सेवा प्रदायक, सम्बन्धित वडा समिति र सुपरिवेक्षणका लागि तोकिएको कर्मचारीलाई अग्रिम रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. अनुगमन कार्यको लागि श्रोतको प्रवन्ध : - (१) अनुगमन कार्यतालिका बमोजिम समितिको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने श्रोत साधनको प्रवन्ध कार्यपालिकाले बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी गर्नुपर्नेछ ।

(२) स्वीकृत बार्षिक बजेटका आधारमा कार्य तालिका बमोजिम अनुगमन तथा सुपरिवेक्षणको लागि श्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षण कार्यमा संलग्न रहने समितिका पदाधिकारीको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था प्रचलित प्रदेश कानुनको अधिनमा रहि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२. पूर्वाधार विकास योजनाको अनुगमन :- (१) समितिले पूवाधार विकास सम्वन्धी विकास योजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनु पूर्व, निर्माणाधिन अवस्था र निर्माण सम्पन्न भए पछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयका केन्द्रित रहि अनुसुची-१ को ढाँचामा गर्नु पर्नेछ :-

(क) योजनाको स्वीकृत लागत र लागत व्यहोर्ने श्रोत,

(ख) योजना कार्यान्वयन गरिने स्थान,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु,

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाईन गुणस्तर,

(ङ) आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्तिको आपूर्ति श्रोत र सो को गुणस्तर

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने सम्भावित परिवर्तन तथा जोखिम ।

(३) समितिले पूर्वधार योजनाको निर्माणाधिन अवस्थामा देहायका विषयमा केन्द्रित रहि अनुसुची २ को ढाँचामा अनुगमन गर्नु पर्नेछ :-

(क) योजना कार्यान्वयन तोकिएको गुणस्तर,लागत र समय अनुरुप भए नभएको,

(ख) योजना कार्यान्वयनका देखिएका बाधा अवरोध,

(ग) सम्झौताका सर्तको पालनाको स्थिति,

(घ) समितिले आवश्यक ठहर गरेका अन्य विषयहरु ।

(४) उप दफा (३) बमोजिमका अनुगमन गर्दा त्यस्तो योजना वा कार्यक्रम कम्तिमा ५० प्रतिशत भन्दा बढि निर्माण कार्य सम्पन्न भई सकेको हुनु पर्नेछ ।

(५) समितिले पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएपछि देहायका विषयमा केन्द्रित रहि अनुसुची ३ बमोजिमको ढाँचामा गर्नुपर्नेछ :-

क) योजना स्वीकृत डिजाइन अनुसार सम्पन्न भए नभएको,

ख) स्वीकृत लागत अनुमान अनुसार काम सम्पन्न भए नभएको,

(ग) निमार्ण कार्यको गुणस्तर र समय,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतको अवस्था,

(ङ) योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको,

(च) योजनामा तोकिए बमोजिमको लागत सहभागीता र संम्झौताका सर्त को पालना भए नभएको,

(छ) योजनाको समग्र उपलब्धिको अवस्था र दिगोपना ।

१३. चेतनामूलक,क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमनः- समितिले चेतनामूलक, क्षमता अभिवृद्धि र सिप विकास सम्वन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा कार्यक्रम लागत, सहभागिता, समयावधि,सिकाइका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गरी अनुसुची ४ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्दछ ।

१४. कार्यक्रमको अनुगमन :-समितिले स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रगती अनुगमन गर्दा लाभग्राही समुदायले महानगरपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण तथा प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको अवस्था, लाभग्राहीको संख्या, सहभागीलाई उपलब्ध गराइएको सहयोगको पर्याप्तता जस्ता विषयमा केन्द्रित रहि अनुसुची ५ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछ ।

१५. अनुगमनको तयारी :- (१) सदस्य सचिवले समितिका पदाधिकारीलाई स्थलगत अनुगमनमा जानु अघि अनुगमन गरिने योजना तथा कार्यक्रम,जाने र फर्कने समय, भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्नेछ ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रमसँग सम्बन्धित लागत अनुमान, सम्झौता जस्ता कागजातहरु तथा अनुगमन स्थलको जानकारी लिने तस्विर खिच्नका लागि क्यामरा लगाएतको साधनको समेत सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सदस्य सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी, लाभग्राही समूह र सुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्वसूचना गर्नु पर्नेछ ।

(४) समितिले स्थलगत अनुगमन गर्दा अध्यक्षलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ ।

(५) समितिले स्थलगत अनुगमनको क्रममा महानगरपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेका उम्मेद्धार वा दलसँग आबद्ध व्यक्ति वा पदाधिकारीलाई समेत संलग्न गराई पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

## परिच्छेद-४

## प्रतिवेदन सम्बन्धी व्यवस्था

१६. अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने :- (१) समितिले अनुगमन सम्पन्न भए पश्चात बैठक बसि छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट संकलन गरिएका सूचना तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरी महानगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्बन्धित योजना वा कार्यक्रमको अवस्था झल्कीने गरी लिइएको तस्विरसमेत संलग्न गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन सदस्य सचिवले तयार गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजक मार्फत छलफलका निमित्त कार्यपालिका बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

(५) अनुगमन प्रतिवेदन बेगर समितिका पदाधिकारीलाई कुनै किमिमको भत्ता वा सुविधा उपलब्ध गराइने छैन् ।

१७. अनुगमन प्रतिवेदनमा समावेश गर्नु पर्ने विषय :- (१) अनुगमन समितिले दफा (१६) बमोजिम तयार गरिने अनुगमन प्रतिवेदनमा देहायका विषयहरु समावेश गर्नु पर्नेछ :-

(क) श्रोत साधनको प्राप्ति र प्रयोगका क्रममा स्वीकृत बजेट र समय तालिका अनुसार भए नभएको,

(ख) अपेक्षित प्रतिफलहरु समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको,

(ग) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(घ) कायान्वयनमा के कस्ता समस्या र बाधा व्यवधानहरु देखिएका छन् र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ ।

(२) समितिले दफा २२ को उपदफा (२) बमोजिम वडा स्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका विषयलाई समेत आफ्नो प्रतिवेदनमा समावेस गर्न सक्नेछ ।

१८. प्रतिवेदन उपरको कार्यवाही :- (१) समितिले दफा १६ बमोजिम पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको बैठकमा कम्तिमा दुई महिनामा एक पटक छलफल गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) समितिको प्रतिवेदनको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्चाउन तथा समय र गुणस्तर कायम गर्न उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता तथा सम्बद्ध कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट दिइएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ ।

१९. भुक्तानी गर्दा ध्यान दिनुपर्ने :- (१) कार्यालयले रु.तीसलाख रुपिंया वा सो भन्दा बढी लागतका योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्दा समिति तथा वडास्तरीय अनुगमन समिति र उपभोक्ता समिति अन्तर्गतको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन संलग्न गर्नु पर्नेछ ।

(२) योजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी दिनुअघि अनुगमन प्रतिवेदनले औंल्याएका गम्भीर प्रकृतिका विषयहरुमा आवश्यक सुधार गरेको व्यहोरा सम्बन्धित प्राविधिकबाट सुनिश्चित गरिएको हुनु पर्नेछ ।

## परिच्छेद -५

## विविध

२०. अनुगमन गर्न सक्ने :- (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका तथा प्रमुखले महानगपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ ।

(२) समितिले वडास्तरीय अनुगमन समितिबाट दफा ८ बमोजिम अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

२१. जिम्मेवारी तोक्नुपर्ने :- (१) कार्यालयले यस कार्यविधि बमोजिम गरिने अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यको समन्वय, सहजीकरण, कार्यान्वयन र अभिलेख व्यवस्थापन कार्यका लागि योजना शाखा/उपशाखालाई जिम्मेवारी तोक्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महानगरपालिकामा अनुगमन सम्बन्धी कामका लागि छुट्टै शाखा वा एकाइ रहेको अवस्थामा उपदफा (१) बमोजिमको कार्य जिम्मेवारी सोही शाखा वा इकाइको रहनेछ।

२२. कार्यविधिको पालना गर्नु पर्ने : - (१) वडा स्तरीय अनुगमन समितिबाट गरिने अनुगमनमा समेत यस कार्यविधिमा भएको व्यवस्थालाई पालन गर्नु पर्नेछ।

(२) वडा स्तरीय अनुगमन समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको ७ दिन भित्र समिति समक्ष पेश गर्नु पर्नेछ।

२३. चेकलिष्ट तयार गर्न सक्ने :- समितिले योजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरुप विवरण संकलनका लागि अलग्गै चेकलिष्ट तयार गरि लागु गर्न सक्नेछ।

२४. संशोधन वा हेरफेर :- कार्यपालिकाले समितिसंगको परामर्शमा यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ। समितिले यस कार्यविधिमा उल्लेखित अनुसुचिहरुमा आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

२५. बाधा अड्काउ फुकाउ :- यस कार्यविधि कार्यान्वयको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

## अनुसूची -१

(दफा १२ को उपदफा (२) संग सम्बन्धित)

पूर्वाधार विकास सम्वन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा

| क.स. | शिर्षक | विवरण |
|---|---|---|
| १. | अनुगमन गरिने योजनाको नाम | |
| २. | योजना स्थल/ठेगाना | |
| ३. | योजनाको स्वीकृत लागत अनुमान रु | ......................... |
| ४. | सम्झौता रकम रु | कुल संझौता रकम रु ................<br>जनसहभागिता /लगत सहभागिताको रकम रु<br>........................... |
| ५. | बहुबर्षीय योजनाको हक मा | कुल लागत .....................<br>चालु आ.व.को विनियोजन................ |
| ६. | योजना सम्झौता मितिः | |
| ७. | योजना शुरु तथा सम्पन्न हुने मिति : | शुरुहुने मिति : ........................<br>सम्पन्न हुने मिति :................. |
| ८. | लाभान्वित जनसंख्या | |
| ९. | कार्यान्वयन गर्ने निकायको नाम र सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | |
| १० | निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण | |

| | | |
|---|---|---|
| ११. | संरचना निर्माण भए डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| १२. | आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति आपूर्तिको श्रोत र सो को गुणस्तर | |
| १३. | भौगोलिक एवं वातावरणीय जोखिम | |
| १४ | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संम्भावित परिवर्तन तथा जोखिम | |
| १५. | लाभग्राही समुदायको सरोकारको विषय, धारणा र सुझाव | |
| १६. | संलग्न प्राविधिकको धारणा | |
| १७. | नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |
| १८. | समिति/अनुगमनकर्ताको टिप्पणी र सुझाव | |
| | | |

नोट :-

१. क्र.स. ९ मा उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना भए उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बर राख्ने , गैर सरकारी संस्था/सामुदायिक संस्थाबाट कार्यान्वयन भएको योजना भए सम्वन्धित संस्थाको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम, सम्पर्क नम्बर र निर्माण व्यवसायीबाट कार्यान्वयन भएको योजना भए सम्बन्धित निर्माण व्यावसायीको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गर्ने ।

२. क्र.स. १३ अन्तर्गत वातावरणीय मुल्याङ्गन गर्नु पर्ने योजना भए सो बमोजिम मूल्याङ्गन भए नभएको र योजनाबाट अन्य सिचाई, खानेपानी, सडक जस्ता स्थानीय सार्वजनिक पूर्वाधार तथा निजी भौतिक पूर्वाधारमा क्षति पुग्न सक्ने अवस्था भए नभएको उल्लेख गर्ने ।

अनुसुची-२

(दफा १२ को उपदफा (३) संग सम्बन्धित )

**पूर्वाधार योजनाको निर्माणाधिन अवस्थामा गरिने अनुगमनको क्रममा प्रयोग गरिने ढाँचा**

अनुगमन गरेको मितिः- ...............

१. योजनाको नामः .......................

२. योजना निर्माण स्थल :- ....................

३. योजना निर्माण सुरु मिति :- ....................

४.योजना सम्पन्न हुनुपर्ने मिति :..........

५.भौतिक प्रगति : ................प्रतिशत

६. वित्तीय प्रगतिः............. प्रतिशत

७. सम्झौता रकमः ..........................हालसम्म भुक्तानी रकमः..................

भुक्तानी बाँकी रकमः ....................

८. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप : (क) भएको (ख) नभएको

९.निर्माण कार्यको अवस्था :-

(क) निर्माण स्थलमा आवश्यक निर्माण सामग्रीको उपलब्धता भएको/नभएको :

(ख) उपलब्ध निर्माण सामग्री तोकिएको गुणस्तर बमोजिम भएको/नभएको :

(ग) गुणस्तर परीक्षण भए नभएको र भएको भए सो को नतिजा :

(घ) आवश्यक जनशक्तिको पर्याप्त भए नभएको :

(ङ) मेसिनरी औजार र उपकरण व्यवस्थापनको अवस्था :

१०. योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध : .....................

११. योजना कार्यान्वयनमा सम्झौताका सर्तको पालना : (क) भएको (ख) नभएको

(ग) नभएको भए पालना नभएको विषय र सो को कारण :...............

१२. कार्यान्यवन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिबद्धता :............

१३. स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा प्रतिक्रिया :.........

१४. संलग्न प्राविधिकको धारणा र प्रतिबद्धता :..............

१५. अघिल्लो अनुगमनको क्रममा दिइएका सुझाव कार्यान्वयनको अवस्था :........

१६. समिति/अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशन :..........

**अनुगमन गर्ने पदाधिकारीहरु-**

क. नामः ....................... पदः................ दस्तखतः..............

ख. नामः ....................... पदः................. दस्तखतः..............

ग. नामः ....................... पदः................. दस्तखतः..............

घ. नामः ....................... पदः................. दस्तखतः..............

ङ.नामः ....................... पदः................. दस्तखतः..............

## अनुसुची - ३

(दफा १२ को उपदफा (५) संग सम्बन्धित )

योजनाको निर्माण कार्य सम्पन्न भएपछि गरिने अन्तिम अनुगमनको क्रममा प्रयोग गरिने अनुगमनको ढाँचा

अनुगमन गरेको मिति :.............

१. योजनाको नाम : ............................

२. योजना निर्माणस्थल : वडा नं. ........................... स्थान : ...................

३. योजना निमाण शुरु मिति : ............................

४. योजना सम्पन्न भएको मिति : .....................

५. सम्झौता रकम रु .............................हालसम्मको भुक्तानी रु ..........................

६. भौतिक प्रगति ...........................प्रतिशत

७. योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्न भए नभएको :

८. योजना कार्यान्वयनमा गरिएका संझौताका शर्तको पालना भए नभएको :

९. उपभोक्ताहरुको लागत सहभागिताको अवस्था :

१०. डिजाइन वा लागतमा परिवर्तन भएको भए सो को औचित्य र स्वीकृतिको अवस्था : ...........

११. योजनाबाट अपेक्षीत प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको : ..................

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना ............................

१३. सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे नगरेको:.................

१४.उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझाव :

............................

१५. कार्यान्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिवद्धता : ......................

१६. स्थानीय उपभोक्ता नागरिकहरुको धारणा वा प्रतिक्रिया : ........................

१७. अघिल्लो अनुगमनको क्रममा दिएको सुझावको कार्यान्वयनको अवस्था : ...............

१८. संलग्न प्राविधिको धारणा र प्रतिवद्धता : ........................

१९. समिति/अनुगमनकर्ताको टिप्पणी,सुझाव र निर्देशन : .............

अनुगमन गर्ने पदाधिकारीहरु

क. नाम: ............................................... पद:................. दस्तखत:...............

ख. नाम: ............................................... पद:................. दस्तखत:...............

ग. नाम: ............................................... पद:................. दस्तखत:...............

घ. नाम: ............................................... पद.................दस्तखत:...............

ङ. नाम: ..................... ........................... पद:................. दस्तखत:..............

अनुसुची -४

(दफा १३ संग सम्बन्धित)

चेतनामूलक, क्षमता अभिवृद्धि र सिप विकास कार्यक्रमको अनुगमनको क्रममा प्रयोग गरिने ढाँचा

अनुगमन गरेको मिति :...............

१. कार्यक्रमको नामः ......................

२. कार्यक्रम सञ्चालन स्थान वडा नं. :...................स्थान .............

३. कार्यक्रम सुरु मिति : .................... सम्पन्न गर्नु पर्ने मिति :..........

४.कार्यक्रमको प्रकृती : (क) चेतना मुलक, (ख) क्षमता अभिवृद्धि (ग) शिपविकास

५. कार्यक्रमको कुल लागत : रु ....................कार्यालयबाट उपलब्ध हुने रकम रु .............

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता : रु ............................

अन्य निकायबाट प्राप्त सहयोग :रु .................लाभग्राहीको सहभागिता : रु.................

६. जम्मा लाभग्राही संख्या :

| महिला | पुरुष | जम्मा | दलित | जनजाति | ब्रम्हण क्षेत्री | मधेसी | मुस्लीम अल्पसंख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. लाभग्राहिहरुको नियमित उपस्थिति भए नभएको :

८. कार्यक्रम कार्यान्वयनमा गरिएका संझौताको शर्तको पालना भए नभएको :

९. कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सो को औचित्य र स्वीकृतिको अवस्था : ..............................

१०. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः .................

११. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए नभएको :

१२. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना : ...............

१३. लाभग्राही /नागरिकको धारणा वा प्रतिक्रिया :.................

१४. कार्यान्वयन गर्ने निकायको आधिकारीक प्रतिनिधिको धारणा र प्रतिवद्धता : ....................

१५ वडा समिति वा वडा स्तरीय अनुगमन समितिको प्रतिक्रिया भए :.....................

१६. अनुगमनकर्ताको टिप्पणी ,सुझाव र निर्देशन :......................

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः ...................... ...................... पदः................. दस्तखतः..............

ख नामः ............................................. पदः................. दस्तखतः..............

ग. नामः ............................................. पदः................. दस्तखतः..............

घ. नामः ............................................. पदः................. दस्तखतः..............

ङ. नामः ............................................. पदः................. दस्तखतः..............

## अनुसुचि -५

(दफा १४ संग सम्बन्धित)

स्वरोजगार तथा उत्पादनूलक र उद्योमशिलता प्रबर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमन ढाचा :

१. कार्यक्रमको नामः .....................

२. कार्यक्रम संचालन स्थान वडा नं :...................स्थान .............

३. कार्यक्रम सुरु मिति : .......................... सम्पन्न गर्नु पर्ने मिति :..........

४.कार्यक्रमको प्रकृति : (क) स्वरोजगार तथा उत्पादनमूलक (ख) उद्यमशिलता प्रवर्द्धन गर्ने

५. कार्यक्रमको कुल लागत : रु ...................कार्यालयबाट उपलब्ध हुने रकम रु .............

कार्यान्वयन गर्ने निकायको लागत सहभागिता : रु .............................

अन्य निकायबाट प्राप्त सहयोग :रु ...............................

लाभग्राहिको सहभागीता : रु....................................

६. जम्मा लाभग्राही संख्या :

| महिला | पुरुष | जम्मा | द्यलित | जनजाति | ब्राहमण क्षेत्री | मधेसी | मुस्लीम अल्पसंख्यक | अपाङ्गता भएको |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

७. कार्यालयबाट सामग्री उपलब्ध गराइएको भएमा :

| सामग्रीको विवरण | परिमाण | उपयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८. कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताको शर्तको पालना भए नभएको :

९. कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने आवस्था भए /नभएको :

१०. कार्यक्रममा तोकिए बमोजिमको लागत सहभागीता र संझौताका सर्तका पालना भए/ नभएको :

११. योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना : ...............

१२. लाभग्राही /नागरिकको धारणा वा प्रतिक्रिया :.................

१३. कार्यन्वयन गर्ने निकायको आधिकारिक प्रतिनिधिको धारणा र प्रतिवद्धता : ...................

१४.वडा समिति वा वडा स्तरीय अनुगमन समितिको प्रतिक्रिया भए :....................

१५. अनुगमनकर्ताको टिप्पणी ,सुझाव र निर्देशन :.....................

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः .......................................... पदः................. दस्तखतः..............

ख नामः .......................................... पदः................. दस्तखतः..............

ग. नामः ..................... ..................... पदः................. दस्तखतः..............

घ. नामः .......................................... पदः................. दस्तखतः..............

ङ.नामः .......................................... पदः................. दस्तखतः..............